परमेश्वर पवित्र आत्माको काम

पाष्टरीय तालीम पुस्तिका

३३

तालीम र वृद्धि

T&M ®

यस अध्ययनमा परमेश्वरले तपाईको मन र हृदयलाई प्रज्वलित पारुन् भनी प्रार्थना गर्नोस् ।

यस अध्ययनका चार भागहरु छन् । पहिलोले पवित्र आत्मालाई छापको रुपमा सिकाउँछ । पवित्र आत्मा पाउनुद्वारा हामी परमेश्वरका छोराछोरीहरु हौं भन्ने रहस्यलाई निश्चित पार्दछ । अध्ययनको दोस्रो भागले चाहिँ पवित्र आत्माको फलबारे सिकाउँछ । फल चाहिँ प्रभु येशूको चरित्र हो जो पवित्र आत्माले हामीमा फलाउनु हुन्छ । तेस्रो भागले चाहिँ कसरी हामीभित्र हुनुभएको पवित्र आत्माले ख्रीष्टको निम्ति साक्षी दिन हामीलाई सामर्थ्यवान् पार्नुहुन्छ, त्यसबारे व्याख्या गर्दछ । चौथो भागले चाहिँ पवित्र आत्माका वर दानहरुबारे हामीलाई सिकाउँदछ ।

भाग १
पवित्र आत्माको छाप

जब हामीले ख्रीष्टमा विश्वास गर्दछौं, तब परमेश्वरले हाम्रो अनन्त मुक्तिलाई उहाँको पवित्र आत्माको उपस्थितिको छापद्वारा पक्का तुल्याउनु हुन्छ । पवित्र आत्माको उपस्थिति एक “छाप” हो किनभने यसले हामी परमेश्वरका सन्तान

अनि प्रभु येशू खीष्टसित साझे-हकवाला हौं भन्ने कुरामा निश्चयता र जमानी दिँदछ (यूहन्ना ७:३७-३९, रोमी ८:९-१७, २ कोरन्थी १:२१-२२)।

"तिमीहरु जसले सत्यको वचन, अर्थात आफ्नो मुक्तिको सुसमाचार सुन्यौ, र उहाँमा विश्वास गऱ्यौ, उहाँमा नै तिमीहरुलाई प्रतिज्ञा गरिएका पवित्र आत्माको छाप लगाइएको थियो । परमेश्वरको आफ्नो सम्पत्ति, अर्थात हामीहरुले हाम्रो पूर्ण उद्धार नपाएसम्म उहाँका महिमाको प्रशंसाको निम्ति पवित्र आत्मा हाम्रो उत्तराधिकारको बैना हुनुहुन्छ ।"

(एफिसी १:१३-१४)



पवित्र आत्माद्वारा छाप लगाइएको

पुरानो करारमा, परमेश्वरका जनहरु विशेष कामको निम्ति मात्र पवित्र आत्माले भरिन्थे (उदाहरणको लागि, प्रस्थान ३१:३)। नयाँ करारमा चाहिँ, प्रेरित २ अनुसार पेन्तिकोसको बेला, उहाँ सदाको लागि "शान्तिदाता"को रुपमा आउनुभयो । केही दिन अघि मात्र, येशू ख्रीष्ट स्वर्गमा चढ्नुभएको थियो, अनि हामीसंग सदा रहिरहन शान्तिदाता पठाउनेछु भनी प्रतिज्ञा गर्नुभएको थियो (यूहन्ना १४:१५-१७)। शान्तिदाताले हामीलाई सामर्थ्यवान तुल्याउनु हुन्छ, अनि हामीलाई प्रार्थना गर्न सहायता गर्नुहुन्छ ।

पवित्र आत्माको छापका विभिन्न प्रकारहरु छन् जो हामी पछिल्ला पानाहरुमा अध्ययन गर्नेछौं ।

जब तपाईले निम्न पद्यांशहरु अध्ययन गरिसक्नुहुन्छ, तब चिन्ह लाउनोस्:

- ☐ यूहन्ना १४:१५-२१
- ☐ यूहन्ना १५:२६-२७
- ☐ यूहन्ना १६:१-१६
- ☐ प्रेरित १९:१-७
- ☐ गलाती ५:२१-२६ अनि गलाती ६:८

पवित्र आत्माले हामीलाई प्रभु येशू ख्रीष्टको देहसित एकत्वमा ल्याउनु हुन्छ ।

पिता परमेश्वरले हामीलाई पवित्र आत्माद्वारा नै ख्रीष्टसित एकत्वमा ल्याउनु हुन्छ ।

"यसका धेरै भागहरु भए तापनि, शरीर एक एकाइ हो । अनि यसका सबै भागहरु धेरै भए तापनि, ती सबै मिलेर एउटै शरीर बन्दछ । अनि यो ख्रीष्टसित एक हुँदछ । किनकि हामी सबै, चाहे यहूदी हौं वा ग्रीक, दास हौं वा फुक्का, एउटै आत्मामा बप्तिस्मा भएका छौं, अनि हामी सबैलाई एउटै आत्माबाट पिउनलाई दिइएको छ ।"

(१ कोरन्थी १२:१२-१३)

"यो रहस्य चाहिँ के हो भने सुसमाचारद्वारा अन्यजातिहरु पनि इस्राएलसितै हकवाला, एउटै देहका सदस्यहरु, अनि ख्रीष्ट येशूका प्रतिज्ञाका सहभागीहरु भएका छन् ।"

(एफिसी ३:६)



सबै जातिहरुबाट खीष्टमा विश्वासीहरु

पवित्र आत्माले हामीलाई अनन्त मुक्तिको निश्चयता दिलाउनु हुन्छ

- पिता परमेश्वरले संसारको उत्पत्तिभन्दा अघि नै हामीलाई धर्मपुत्रको रुपमा चुन्नुभएको थियो (एफिसी १:४-५)।

- पुत्र परमेश्वरले हाम्रो निम्ति उहाँको मृत्यु र पुनरुत्थानद्वारा अनन्त उद्धार उपलब्ध गराउनु भयो (लूका २४:४६-४७, यूहन्ना १०:११-१५)।

- अब यो उद्धारलाई पवित्र आत्मा परमेश्वरले हामीमा वास्तविक पार्नुहुन्छ (रोमी ८:१४-१६, २७-३०)।

कुनै पनि साँचो इसाई परमेश्वरको हातमा सुरक्षित रहन्छ (यूहन्ना १०:२७-३०)।

पवित्र आत्माले हामीलाई खीष्टमा एक बनाउनुहुन्छ

पवित्र आत्माले सबै विश्वासीहरुलाई खीष्टसित एउटै देहमा एक बनाउनुहुन्छ। यसलाई "विश्वव्यापी मण्डली" भनिन्छ। पानीको बप्तिस्माले चाहिँ खीष्ट अनि उहाँका जनहरुसित आत्मिक रुपमा एक भएको निश्चयता दिन्छ (रोमी ६:१-१४)) (हेर्नोस् "१ नयाँ विश्वासीहरुलाई बप्तिस्मा दिनु")

बप्तिस्मा भनेको खीष्टसित हामीलाई एक बनाउने पवित्र आत्माको अदेख कामको देखिने निश्चयता हो (प्रेरित २:३८, १९:५-६, एफिसी २:१८)।



पवित्र आत्माद्वारा, हामी ख्रीष्टमा भएर महिमामा छौं ।

"...यसकारण पापमा हामी परेका भए तापनि... परमेश्वर ले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो– अनि स्वर्गीय स्थानहरुमा ख्रीष्ट येशूसँग बसाल्नुभयो ।"

(एफिसी २:५-६)



पवित्र आत्माको छापको कार ण, परमेश्वर अहिले यस पृथ्वीमा पनि हामीसितै हुनुहुन्छ ।



येशूले भन्नुभयो, *"...म मेरा पितामा छु, र तिमीहरु चाहिँ ममा, र म तिमीहरुमा छु ।"*

(यूहन्ना १४:२०)

हामी ख्रीष्टसितै स्वर्गमा बसालिएका छौं । हामी अहिले सुनका सडकहरु देख्दैनौं अनि स्वर्गदूतहरुको कोएर पनि सुन्दैनौं, किनभने हाम्रा आँखाहरु अनि कानहरु अझ पनि यो माटोको देहमा नै छ । तर पवित्र आत्माद्वारा हामी परमेश्वर मा छौं अनि उहाँ हामीमा हुनुहुन्छ । जब ख्रीष्ट आउनुहुन्छ, हामी परिवर्तन हुनेछौं अनि हामीले नयाँ, अमर अनि नाश नहुने देह धारण गर्नेछौं (१ कोरन्थी १५:५१-५३, २ कोरन्थी ५:१-१०)।

पवित्र आत्माले धेरै आत्मिकी आशिषहरु ल्याउनुहुन्छ

सबै आत्मिकी आशिषहरु पाउनको निम्ति ख्रीष्टमा हामी अधिकार प्राप्त परमेश्वरका छोराहरु हौं भनी पवित्र आत्माले निश्चयता दिनुहुन्छ (यूहन्ना १:१२, एफिसी १:५-६)।

"किनकि ख्रीष्टमा ईश्वरत्वको सारा परिपूर्णत शरीरमा वास गर्दछ, र उहाँमा नै जीवनको परिपूर्णतामा तिमीहरु आइपुगेका छौ । उहाँ नै समस्त शासन र अधिकारको शिर हुनुहुन्छ ।" (कलस्सी २:९-१०)

खीष्टमा हामीले पवित्र आत्माको परिपूर्णता पाउँदछौं ।



आनन्द
१ पत्रुस १:८

प्रशस्तताको जीवन
यूहन्ना १०:१०

क्षमादान
एफिसी १:७

अनन्त सम्पत्ति
एफिसी १:१४

पवित्रता
१ कोरन्थी १:३०

शान्ति
यूहन्ना १४:२७

बुद्धि
१ कोरन्थी १:३०

शक्ति
प्रेरित १:८

"हाम्रा प्रभु येशू खीष्टका परमेश्वर र पिताको प्रशंसा होस्, जसले हामीलाई स्वर्गीय स्थानहरुमा हरेका आत्मिक आशिषले खीष्टमा आशीर्वाद दिनुभएको छ ।" (एफिसी १:३)

परमेश्वर र उहाँको मण्डलीलाई सेवा पुऱ्याउन अनि अरुहरुलाई साक्षी दिन पवित्र आत्माले हामीलाई शक्ति र वर दानहरु दिनुहुन्छ । (प्रेरित १:८)

उहाँले दिनुहुने वरदानहरु हुन्: प्रेरित, अगमवक्ता, पाष्टर, शिक्षक, प्रचारक, अरुहरुको सेवा गर्नु, शिक्षा प्रदान गर्नु, सान्त्वना पुऱ्याउनु, दिनु, अगुवाइ गर्नु, कृपा देखाउनु, भाषाहरुमा बोल्नु, भाषाहरुको उल्था गर्नु, बुद्धि, ज्ञान, निको पार्नु, आश्चर्यकर्महरु गर्नु अनि अरु धेरै । (रोमी १२:६-८, १ कोरन्थी १२:७-१०, एफिसी ४:११-१२)।

हाम्रा पिता परमेश्वरले आफ्ना हरेक छोराछोरीलाई विभिन्न वरदानहरु दिनुहुन्छ । उहाँले हामीलाई दिन चाहनुभएको वर दान हामी मागौं अनि उहाँको सेवाको निम्ति प्रयोग गरौं ।

भाग २
पवित्र आत्माको फल

गलाती ५:२२-२३ अनुसार, आत्माको फल यिनै हुन्:

- प्रेम,
- आनन्द,
- शान्ति,
- धैर्य,
- दया,
- भलाइ,
- विश्वस्तता,
- नम्रता,
- आत्मसंयम

पवित्र आत्माले हरेक विश्वासीलाई विभिन्न वरदानहरु दिनुहुन्छ, तर सबैमा एउटै फल उत्पन्न गर्नुहुन्छ। पवित्र आत्माले भरिनु भनेको सधैं उहाँद्वारा नियन्त्रित हुनु हो।

"...हामीलाई दिइएको पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ।" (रोमी ५:५)

प्रेम



"हे इस्राएल, सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ। तिमीहरुले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर।"

(व्यवस्था ६:४-५, मत्ती २२:३७-३८)

कुनै मानिस अर्को स्त्रीसंग लागेको छ भने उसले आफ्नो पत्नीलाई प्रेम गर्नसक्तैन। त्यसै गरी, यदि हामीले अरु थोकहरु अथवा मानिसहरुलाई पहिलो स्थानमा राखेका छौं भने हामी उनै एउटै परमेश्वरलाई प्रेम गर्न सक्तैनौं।

परमेश्वर हाम्रो आराधना, आदर र प्रेमको योग्य हुनुहुन्छ । उहाँ एकदमै पवित्र हुनु भए तापनि, जब हामी हाम्रा पापहरु क्षमा गरिदिनको लागि येशूमा ईमान्दारपूर्वक भरोसा गर्दछौं, उनै मध्यस्थ अनि मुक्तिदाता येशू ख्रीष्टद्वारा हामी उहाँको उपस्थितिमा आउनसक्छौं ।

आराधना गर्दा, हामी आनन्दसंग (भजन १५०), धन्यवादी बनी (भजन १४७:७), आदर दिँदै (यशैया ६:१-७), अनि सुव्यवस्थित ढङ्गमा (१ कोरन्थी १४:३२-३३, ४०) परमेश्वरलाई हाम्रो प्रेम देखाउँछौं ।

ख्रीष्टप्रति हाम्रो प्रेम उहाँको आज्ञा पालनमा देखिन्छ (यूहन्ना १४:१५)।

दोस्रो महत्त्वपूर्ण आज्ञा हो *"तैंले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू ।"* (मत्ती २२:३९)

हामीहरुको प्रेम शब्दमा होइन, तर कर्ममा देखिनु पर्दछ (१ यूहन्ना ३:१८)। परमेश्वरले हाम्रा हृदयमा उत्पन्न गराउन चाहनु भएको प्रेमको वर्णन हामी १ कोरन्थी १३ मा पाउँछौं ।

आनन्द

परमेश्वरको आत्माबाट जन्मेको आनन्द सधैं र हन्छ। कष्टको समयमा पनि यो हामीमा रहिर हन्छ। (१ थिस्स. १:६, याकूब १:२)।

"तिमीहरुले नदेखे तापनि उहाँलाई प्रेम गर्छौ। उहाँलाई तिमीहरु अहिले देख्दैनौं, तापनि उहाँमाथि विश्वास गर्छौ र अवर्णनीय र गौरवमय आनन्दमा रमाउँछौ।" (१ पत्रुस १:८)

"प्रभुमा सधैं आनन्द गर। म फेरि पनि भन्दछु, आनन्द गर!"
(फिलिप्पी ४:४)

शान्ति

सदासर्वदै रहिरहने प्रेम ता त्यही मात्र हो जो परमेश्वरबाट आउँछ। यो शान्ति हामीमा आइपर्ने कुनै पनि समस्याहरुले खोसी लैजादैन।

यूहन्ना १४:२७ मा येशूले हामीलाई निश्चयता दिलाउनुहुन्छ:
"शान्ति म तिमीहरुसँग छोडिराख्छु । म आफ्नो शान्ति तिनीहरुलाई दिन्छु । संसारले दिएजस्तो म तिमीहरुलाई दिँदिन । तिमीहरुको हृदय व्याकुल नहोस् र भयभीत नहोस् ।"

परमेश्वरसंग शान्ति हुनको लागि शुद्ध विवेक हुनु खाँचो छ ।

"यदि हामीले आफ्ना पापहरु स्वीकार गऱ्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ ।" (१ यूहन्ना १:९)

शान्ति पाउनको लागि सत्य र अरुहरुसित मिलाप पनि चाहिन्छ । (मत्ती ५:२१-२६)

धैर्य

परमेश्वरको आत्माबाट जन्मेको धैर्यले विश्वास र आनन्दसित कठिनता सामना गर्नुपर्दछ । यो रि साउनमा ढीलो हुन्छ । यसले अरुलाई दबाउ पनि

दिँदैन अनि धकेल्दैन पनि । जब हामी धेरै परीक्षाहरु र कठिनाइहरुबाट भएर जान्छौं, तब यो हामीमा सिद्ध हुन्छ । (प्रेरित १४:२२, रोमी ५:३-५, याकूब १:२-४)

दया

दया भन्नाले अरुहरुले हामीलाई आवेशमा ल्याउँदा पनि कोमल र अवाधक हुनु हो । यसले रीसमा होइन, तर कृपामा आफ्नो कार्य गर्दछ । यसले झूटो "रङ्ग" लाएको हाँसो हाँस्दैन ।

परमेश्वरको दयाले हामीलाई पश्चातापतर्फ डोऱ्याउँछ (रोमी २:४)। पवित्र आत्मामा जन्मेको दयाले क्षमा दिन्छ अनि अरुहरुको भूललाई प्रेममा सहन्छ (कलस्सी ३:१२-१३)।

भलाइ

पवित्र आत्माबाट जन्मेको भलाइले हामीलाई असल कार्यहरु गर्नको निम्ति उत्प्रेरित गर्नुहुन्छ (हिब्रू १०:२४)। इसाई हुनु भनेको मण्डलीमा उपस्थित हुनु

भनेको मात्र होइन । धार्मिकताप्रति हाम्रो तिर्खा र परमेश्वर प्रतिको प्रेमले गर्दा हामी आवश्यकतामा परेकाहरुको अनि सबै मानवजातिको सेवा गर्दछौं (मत्ती ५:६)।

यदि हाम्रो विश्वासले असल कार्यहरु उत्पन्न गर्दैन भने, यो मरेको छ अनि यसले हामीलाई बचाउँदैन । (मत्ती २५:३१-४६, याकूब १:२२)

विश्वास

"अब विश्वासचाहिँ आशा राखिएका कुराको निश्चय र नदेखिएका कुराको दृढ भरोसा हो ।"

(हिब्रू ११:१)

"यसकारण हामी हाम्रा नजरहरु देखिने कुराहरुमा होइन, तर नदेखिने कुराहरुमा लगाउँछौं । किनकि देखिने कुराहरु क्षणिक हुन्छन्, तर नदेखिने कुराचाहिँ अनन्तसम्म रहने हुन्छन् ।"

(२ कोरन्थी ४:१८)

ईमान्दारी विश्वासले परमेश्वरको उपस्थिति खोज्दछ। *"जसरी हरिणले खोलाको पानीको तिर्सना गर्दछ, त्यसरी नै, हे परमेश्वर, मेरो प्राणले तपाईको तिर्सना गर्दछ। मेरो प्राण परमेश्वरको निम्ति, जीवित परमेश्वरको निम्ति तिर्खाउँछ। म कहिले गएर परमेश्वरलाई भेटूँ ?"* (भजन ४२:१-२)

"...विश्वास सन्देश सुनाइबाट आउँछ, अनि सन्देश सुनाइ चाहिँ ख्रीष्टको वचनबाट आउँछ" (रोमी १०:१७)।

ईमान्दार विश्वासीले परमेश्वर र उहाँको वचनमा भरोसा गर्दछ। हामी प्रभु येशूको रगतद्वारा परमेश्वरको नजीक जान्छौं। उहाँमा हाम्रो पूर्ण भरोसा छ:

"परमेश्वरमा हाम्रो पूर्ण भरोसा छ कि उहाँको इच्छाबमोजिम जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ।" (१ यूहन्ना ५:१४)

भद्रता (नम्रता)

भद्रता चाहिँ, खीष्टसित एक भएर, परमेश्वरको अघि नम्रताको अनि मानिसहरुको अघि शान्तिप्रियको आत्मा हुनु हो ।
(मत्ती ५:३-५, १८:३-४, फिलिप्पी २:१-११, एफिसी ४:१-३)।

एक घमण्डी मानिसले सोंच्दछ कि उसले अरुहरुलाई दबाउनु पर्छ । उसमा आक्रमणकारी आत्मा हुन्छ । उनी सहयोगी बन्नुभन्दा बढी प्रतियोगी बन्न चाहन्छ ।

पावलले पाष्टर तिमोथीलाई भनेः

"प्रभुको सेवक झगडालु हुनुहुँदैन, तर हरेकको लागि दयालु, योग्य शिक्षक, सहनशील, र नम्रतासाथ आफ्ना विरोधीहरुलाई सुधार्ने हुनुपर्दछ...." (२ तिमोथी २:२४-२५)

आत्म-संयम

हाम्रो रुची र भावनालाई नियन्त्रण गर्ने र ठीक पार्ने काममा पवित्र आत्माले हामीलाई सामर्थ्यवान् तुल्याउनुहुन्छ । उदाहरणको निम्ति, ख्रीष्टको जाँच हुँदै गर्दा उहाँलाई अभियोग लगाउनेहरुको विरुद्ध उहाँले मुख खोल्नुभएन । आफ्ना शत्रुहरुलाई कुल्चीमिल्ची पार्ने शक्ति हुँदाहुँदै पनि उहाँले तिनीहरुलाई क्षमा दिनुभयो । उहाँ समुद्रमा आँधी आउँदा मजाले सुत्न सक्नुभयो अनि शान्त संकल्पसाथ उहाँ कल्बरी क्रूसमा जानुभयो

परमेश्वरबाट जन्मेका भावनाहरु चाहिँ हामीलाई कुनै प्रकारको नोक्सानी नपुऱ्याई बढ्न सक्छ। खीष्टको प्रेमद्वारा हामीले बढी भन्दा बढी प्रेम गर्नसक्छौं। तर शरीरबाट जन्मेको प्रेम चाहिँ चाँडै नियन्त्रणदेखि बाहिर भइहाल्छ। पवित्र आत्माबाटको आनन्द चाहिँ हामी बढी भन्दा बढी अनुभव गर्नसक्छौं, तर चोखो मानवी आनन्दले चाहिँ हामीलाई चाँडै थकाउँछ। मानवी भावनाहरु सधैं नियन्त्रित हुनुपर्छ नत्रभने यसले हामीलाई पतनतिर डोऱ्याइहाल्छ।

हामीले हाम्रा मानवी इच्छाहरुलाई नियन्त्रण गर्नुपर्छ। एक कमजोर विश्वासीले उसले जे चाहन्छ त्यही गर्छ, तर एक आत्मिकी विश्वासीले चाहिँ उसको शरीर, विचार अनि भावनाहरुलाई एक जीवित बलिदानको रुपमा परमेश्वरलाई सुम्पन्छ, ताकि उसले परमेश्वरको इच्छाअनुसार सेवा गर्नसक्छ। (रोमी १२:१-२)

"यदि तपाईमा परमेश्वरको आत्मा हुनुहुन्छ भने, तपाई पापी स्वाभावद्वारा होइन तर आत्माद्वारा नियन्त्रित हुनुहुन्छ। अनि यदि कसैमा खीष्टको आत्मा छैन भने, उ खीष्टको हुँदै होइन।"

(रोमी ८:९)

आराधना सेवामा हामीले “आमिन्”, “परमेश्वरलाई महिमा होस्”, अथवा “हल्लेलुयाह” (जसको अर्थ हुन्छ “परमेश्वरको स्तुति होस्”) भनेर हाम्रो सहमति र आनन्द व्यक्त गरौंला । तर हामीले यी शब्दहरुको अर्थ बुझ्दै नबुझीकन यस्ता वाक्यांशहरु सुगाले जस्तै नदोहोऱ्याऔं । (मत्ती ६:७)

तपाईको जीवनमा आत्माको फलको कुन भाग प्रार्थना र अनुशासनद्वारा अझ बढी वृद्धि गर्नुपर्ला ?

तपाईले केको अभाव महसुस गरिरहनुभएको छ....

प्रेमको ? **आनन्दको ?**

शान्तिको ? **धैर्यको ?**

दयाको ? **भलाइको ?**

विश्वस्तताको ? **नम्रताको ?**

आत्म-संयमको ?

परमेश्वरको आत्मासित
हामो आत्माको एकत्व ।
(१ कोरन्थी ६:१७)

"तब जुन बुद्धि स्वर्गबाट आउँछ त्यो पहिले शुद्ध हुन्छ, तब त्यो शान्तिप्रिय, कोमल, विचारशील, कृपापूर्ण र असल फलले भरि एको, पक्षपातरहित र कपटरहित हुन्छ ।"

(याकूब ३:१७)

"दाखको बोट म हुँ, तिमीहरुचाहिँ हाँगाहरु हौ । यदि कोही ममा रहचो भने, र म त्यसमा रहें भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरु केही गर्न सक्दैनौ ।"

(यूहन्ना १५:५)

तर

"...तर यदि तिमीहरुका हृदयमा कटु ईर्ष्या र स्वार्थी अभिलाषा छन् भने यी कुरामा अभिमान नगर, र सत्यतालाई झूटा नबनाओ । यो बुद्धि स्वर्गबाट आउने बुद्धि होइन । तर यो त सांसारिक, अनात्मिक र शैतानिक हो ।"

(याकूब ३:१४-१५)

भाग ३
साक्षी दिने शक्ति

पवित्र आत्माको शक्ति

स्वर्ग आरोहण हुनुभन्दा अघि खीष्टले आफ्ना चेलाहरुलाई *"अर्को सल्लाहकार"* पठाउनेछु भनी प्रतिज्ञा गर्नुभयो अनि भन्नुभयो: *"...म तिमीहरुकहाँ आउनेछु ।"* (यूहन्ना १४:१६-१८)

"अबका थोरै दिनमा पवित्र आत्मामा तिमीहरुको बप्तिस्मा हुनेछ ।" (प्रेरित १:५)

माथिबाट दिइने यो शक्ति उहाँको निम्ति साक्षी बन्ने अनि चेला बनाउने महान आज्ञा पूरा गर्नको निम्ति दिइएको हो ।

"तर पवित्र आत्मा तिमीहरुमा आउनुभएपछि तिमीहरुले शक्ति पाउनेछौ, र तिमीहरु यरुशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ । उहाँले यो कुरा भन्नुभएपछि, तिनीहरुले हेर्दाहेर्दै उहाँ उँभो उचालिनुभयो, र बादलमा उहाँ तिनीहरुका दृष्टिबाट लोप हुनुभयो ।" (प्रेरित १:८-९)

“हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छु ।”

(मत्ती २८:२०)



खीष्टको साक्षी

हामीलाई पवित्र आत्मा पठाउनको निम्ति प्रभु येशू स्वर्गारोहण हुनुभयो । पवित्र आत्माले हामीलाई भर्नुहुन्छ ताकि हामी शक्तिसंग साक्षी दिनसकौं ।

पवित्र आत्माको प्रतिज्ञा खीष्टमा भएका सबै विश्वासीहरुको निम्ति हो । (प्रेरित २:३८-३९, एफिसी १:१३)

उहाँको शक्ति चाहिँ खीष्टको निम्ति साक्षी दिनलाई हो । हाम्रो साक्षी तब मात्र प्रभावशाली बन्छ जब पवित्र आत्माले अविश्वासीहरुलाई उनीहरुको पाप देखाइदिनुहुन्छ । (लूका २४:४६-४९, यूहन्ना १६:८, प्रेरित १:५-८)

ख्रीष्टमा हाम्रो जीवनलाई सामर्थ्यवान तुल्याउनको निम्ति पवित्र आत्माद्वारा हामी भरिन्छौं । प्रेरितमा बयान गरिएअनुसार, विभिन्न अवस्थाहरुमा चेलाहरु पवित्र आत्माद्वारा नवीन पार ामा भरिपूर्ण भएका थिए । (प्रेरित २:४-११, ४:८-१४, ४:३१)

परमेश्वरले हामीलाई पवित्र आत्माद्वारा शक्ति दिने प्रतिज्ञा गर्नुभएको छ । यो शक्ति केको लागि हो ?

भाग ४
पवित्र आत्माका वरदानहरु

वरदानहरुको उद्देश्य मण्डलीको निर्माण हो :

पिता परमेश्वर, पुत्र परमेश्वर अनि पवित्र आत्मा परमेश्वरले नै आत्मिकी वरदानहरु दिनुभएका हुन् । (१ कोरन्थी १२:४-६) परमेश्वरले आफ्ना वरदानहरु सबै मण्डलीलाई दिनुहुन्छ । यो चित्रले ख्रीष्टको देहमा भएका केही वरदानहरुको चित्रण गरेको छ ।

खीष्ट, हाम्रो शिर

एफिसी ४:१५



विभिन्न वरदानहरु

- मण्डलीको निर्माणको लागि परमेश्वरले इच्छा गर्नुभएअनुसारका वरदानहरु दिनुहुन्छ ।
(१ कोरन्थी १२:१८, एफिसी ४:४-१६)।

- परमेश्वरले हरेक विश्वासीलाई विभिन्न वरदानहरु दिनुहुन्छ । सबैले त्यही वरदान नपाउनसक्छ । वर दानहरु मण्डलीको वृद्धि र एकताको निम्ति दिइएका हुन् किनकि सबै मिलेर सुमधुर रुपमा काम गर्नुपर्छ ।
(रोमी १२:३-८, १ कोरन्थी १२:७-३१, एफिसी ४:४-१३)

"हामीलाई दिइएको अनुग्रहअनुसार अलग-अलग वर दानहरु हामी प्रयोग गरौं । अगमवाणीको हो भने, विश्वासको परिमाणअनुसार, सेवाको हो भने, सेवाको काममा, शिक्षा दिनेले शिक्षा दिने काममा, अर्ती दिने अर्ती दिने काममा, दान दिनेले उदार-चित्तले, सहायता दिनेले जोशसाथ, अगुवाको काम गर्नेले, लगनशीलतासाथ शासन गरोस्, कृपाको काम गर्नेले खुशीसित ।" (रोमी १२:६-८)

"सबैका हितको लागि नै पवित्र आत्माको काम प्रकट हुन हरेकलाई दिइएको छ । कसैलाई पवित्र आत्माद्वारा बुद्धिका कुरा बोल्ने, कसैलाई उनै पवित्र आत्माअनुसार ज्ञानका कुरा बोल्ने, कसैलाई उनै पवित्र आत्माद्वारा रोग निको पार्ने वरदानहरु दिइएका छन्, कसैलाई आश्चर्य कामहरु गर्ने, कसैलाई अगमवाणी बोल्ने, कसैलाई आत्माहरु छुट्ट्याउन सक्ने, कसैलाई भिन्न भिन्न किसिमका भाषाहरु बोल्ने, कसैलाई चाहिँ ती भाषाहरुको अर्थ खोलिदिने । तर यी सबै उनै एक पवित्र आत्माका कामहरु हुन् । उहाँले हरेकलाई उहाँको इच्छाअनुसार वरदान दिनुहुन्छ ।" (१ कोरन्थी १२:७-११)

- यदि ख्रीष्ट हामीमा हुनुहुन्छ भने, हामीले अरुहरुको निम्ति उहाँको प्रेम र दया थाहा गर्ने थियौं (मत्ती ९:३६, रोमी १२:१५, १ कोरन्थी १२:२६)। हाम्रा वरदानहरु अनुसार हामी उनीहरुलाई सहायता गर्दछौं ।

- सबै वरदानहरु परमेश्वरको महिमा र प्रशंसा, मण्डलीको निर्माण अनि परमेश्वरको राज्य विस्तारको निम्ति हुन् । यही उद्देश्यको निम्ति हामी वरदानहरुको चाहना गरौं अनि प्रयोग गरौं । यदि हामीले स्वार्थको निम्ति वर दानहरु प्रयोग गर्न चाहन्छौं भने परमेश्वरले हामीलाई आशिष दिनुहुने छैन ।

नयाँ करारमा चिन्हहरुको उद्देश्य

नयाँ करारमा चिन्हहरु चाहिँ आश्चर्य कर्महरु हुन् जो चाहिँ "उहाँको वचनलाई सुदृढ पार्नको निम्ति" (मर्कूस १६:२०) दिइएका हुन् । भन्नुको अर्थ हो, तिनीहरुले परमेश्वरको सुसमाचारको सन्देशलाई प्रमाणित गर्दछन् । परमेश्वरले मोशालाई दिनुभएको चिन्हहरुको उद्देश्य पनि त्यही थियो (प्रस्थान ४:१-९)। येशूले निर्को पार्नुहुने आश्चर्य कामद्वारा परमेश्वरको दया प्रकट गर्दछ । साथै, भूतहरु धपाउनु भएको आश्चर्य कामद्वारा अब परमेश्वरको राज्य आएको छ, अनि शैतान चाहिँ भाग्नु पर्छ भनिएको हो । (मत्ती ११:२-६, लूका ११:२०-२२, यूहन्ना १०:२५, अनि ३७-३८)।

"...यो मुक्ति सर्वप्रथम प्रभुबाटै घोषणा गरिएको थियो, र उहाँको वचन सुन्नेहरुद्वारा हाम्रा निम्ति पक्का साबित गरियो । परमेश्वरले पनि चिन्हहरु, अचम्मका कामहरु, विभिन्न आश्चर्यकर्महरु र उहाँको आफ्नो इच्छाबमोजिम बाँडिएका पवित्र आत्माका वरदानहरुद्वारा यस कुराको गवाही दिनुभयो ।"

(हिब्रू २:३-४)

उहाँको सेवकाइको बेला, प्रभु येशूले आफ्ना चेलाहरुलाई उहाँको नाउँमा चिन्हहरु सम्पन्न गर्नलाई आज्ञा गर्नुभयो । यसबाट सुसमाचारलाई सुनिश्चित गरियो । "स्वर्गको राज्य नजीकै आइपुगेको छ, भन्दै प्रचार गर । बिरामीहरुलाई निको पार, कुष्ठरोगीहरुलाई शुद्ध पार, भूतहरुलाई निकाल । तिमीहरुले सित्तैंमा पायौ, सित्तैंमा देओ ।" (मत्ती १०:७-८)

प्रेरितका कामहरुमा, उनीहरुले प्रचार गर्दा परमेश्वरले प्रायः जसो गरी उनीहरुको वचनलाई चिन्हहरुद्वारा पक्का गर ाउनुभयो ।

सच्चा चिन्हहरु बाइबल र पवित्र जीवनद्वारा सुनिश्चित हुन्छन् ।

दुःखलाग्दो कुरो, शैतानले पनि परमेश्वरले गर्नुहुने कामको नक्कल गर्दछ । मानिसहरुलाई ठग्नको लागि त्यसले चिन्हका कामहरु गर्दछ । (प्रस्थान ७:१०-१२, मत्ती २४:२४)।

त्यो दिन धेरैले मलाई भन्नेछन्, 'प्रभु, प्रभु, के हामीले तपाईको नाउँमा अगमवाणी बोलेनौं ? तपाईको नाउँमा भूतहरु धपाएनौं ? र तपाईको नाउँमा अनेक शक्तिशाली काम गरेनौं र ? अनि म तिनीहरुलाई सफासँग भन्नेछु, 'मैले तिमीहरुलाई कहिल्यै चिनेकै छैनँ । ए अधर्म काम गर्नेहरु हो, मबाट दूर हाओ'।" (मत्ती ७:२२-२३)

शैतानले नक्कली चिन्हहरु गर्छ भन्दैमा हामीले बिरामीहरुको निम्ति प्रार्थना गर्न, भूतहरु धपाउन अथवा परमेश्वरले हामीहरुलाई दिनुभएको अचम्मको वरदानहरु प्रयोग गर्न हामी रोकिनुहुन्न ।

ती चिन्ह देखाउनेहरुले पवित्र जीवन जिएका र असल कार्यहरु गरेका छन् कि छैनन्, (मत्ती ७:१५-२०), अनि तिनीहरुले बाइबलको सन्देश विश्वासयोग्य ढङ्गमा प्रचार गरिरहेका (व्यवस्था १३:१-४) छन् कि छैनन्, त्यसबाट ती चिन्हहरु पर मेश्वरबाट आएका हुन् कि होइनन् भनी हामी भन्नसक्छौं ।

बाइबल चाहिँ आत्माद्वारा प्रेरित भएको परमेश्वरको सम्पूर्ण प्रकाश हो ।

परमेश्वर कस्तो हुनुहुन्छ, अनि कसरी उहाँको सेवा गर्ने त्यसबारेमा बुझ्न परमेश्वरको वचन एकदमै पर्याप्त छ । हामीले हरेक सिद्धान्त र व्यवहारलाई बाइबलद्वारा जाँच्नुपर्दछ । (यशैया ८:२०)

परमेश्वरको आज्ञा छ कि हामी उहाँका वचनहरुमा भरोसा गरेर विश्वासद्वारा हिडौं । (हिब्रू ११:६)



“धर्मीचाहिँ विश्वासद्वारा नै जिउनेछ ।” (रोमी १:१७)

“...विश्वास सन्देश सुनाइबाट आउँछ, अनि सन्देश सुनाइ चाहिँ ख्रीष्टको वचनबाट आउँछ ।” (रोमी १०:१७)

यही विश्वासद्वारा हामी परमेश्वरको निम्ति महान कामहरु गर्न सक्छौं । (मर्कूस ११:२३-२४)

जसै यो अध्ययन सिध्याउनु हुनेछ, उहाँको वर्णन गर्न नसक्ने वरदान, प्रभु येशू ख्रीष्ट स्वयंको निम्ति परमेश्वरलाई महिमा दिनोस् । (२ कोरन्थी ९:१५)

सारांश जाँच

ठीक उत्तरहरुमा चिन्ह लाउनोस् ।

१. पवित्र आत्मा कहाँ जिउनुहुन्छ:

- ☐ प्रभु येशूमा विश्वास गर्नेहरु सबैमा ।
- ☐ केवल पाष्टरहरु अनि बलिया विश्वासीहरुमा ।

२. पवित्र आत्माले निश्चयता दिलाउनुहुन्छ कि हामी पर मेश्वरका सन्तान हौं । उहाँ के हुनुहुन्छ:

- ☐ परमेश्वरका जनहरुको निम्ति एक छाप हुनुहुन्छ ।
- ☐ कमजोर विश्वासीहरुलाई आलोचना गर्ने एक कारण हुनुहुन्छ ।

३. पवित्र आत्माले हामीलाई परमेश्वरको सम्पत्तिको रुपमा छाप लाउनुहुन्छ । उहाँले हामीलाई कोसित एक बनाउनुहुन्छ:

- ☐ हरेक मानव प्राणीसित ।
- ☐ प्रभु येशूसित ।

४. पवित्र आत्माद्वारा खीष्टसित एक भएर, हामी परमेश्वर सितको हाम्रो सम्बन्धमा बढ्न थाल्दछौं । यो पवित्रता केमा देखिन्छ:

- ☐ पवित्र आत्माको फलमा (प्रेम, आनन्द, शान्ति, इत्यादिमा)।
- ☐ खुशीयालीहरुमा तर क्षणिक भावनात्मक मात्र ।

५. प्रेरित १:८ अनुसार, के गर्नलाई पवित्र आत्माले हामीलाई शक्ति दिनुहुन्छ ?

अभ्यासको काम

- नयाँ चेलाहरुको निम्ति प्रार्थना गर्नोस् ताकि उनीहरु पवित्र आत्माले भरिपूर्ण होऊन् अनि हरेक दिन आत्माको फल फलाऊन् ।

- तपाईको मण्डलीलाई पवित्र आत्माको कामबारे सिकाउनोस् ।

- प्रार्थना र स्व-अनुशासनद्वारा , पवित्र आत्माको फलमध्ये कुन क्षेत्रमा आफूले सुधार ल्याउनुपर्छ सो छान्नको लागि हरेक विश्वासीलाई सहायता गर्नोस् ।

- तपाईको मण्डलीलाई साक्षी दिनको लागि पवित्र आत्माको शक्तिबारे बताउनोस् ।

- झुण्डका सदस्यहरुलाई विभिन्न वरदानबारे सिकाउनोस्, अनि तिनीहरुलाई आ-आफ्नो वरदान पत्ता लाउन अनि चिन्न, अनि उनीहरुको आ-आफ्नो सेवकाइ संचालन गर्न सहायता गर्नोस् । हाम्रो वरदान चिन्ने एउटा उपाय सेवकाइका विभिन्न क्षेत्रहरुमा काम गर्ने, अनि परमेश्वर ले हामीलाई सबभन्दा बढी कहाँ प्रयोग गर्नुहुन्छ पत्ता लाउने ।

- परमेश्वरको राज्यको सुसमाचारको सन्देशलाई निश्चित गर्न चिन्हहरुको कस्तो उद्देश्य हुन्छ, सो बुझाइदिनोस् ।



टिप्पणीहरु

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

033NP01A-01